# पेशागत स्वाथ्य सुरक्षा नीति

# Occupational Health Security Policy

# (OHSP)

## नेपाल राष्ट्रिय समाज कल्याण संघ

महेन्द्रनगर कञ्चनपुर

केन्द्रीय कार्यलय

महेन्द्रनगर कञ्चनपुर

२०१०

प्रथम संशोधनः सन् २०२२

# विषय सुचि

१. संस्थाको परिचय : ........ 2
२. संस्थाको VMGO ........ 3
२.१. NNSWA परिकल्पना ........ 3
२.२.ध्येय (Mission) ........ 3
२.३.लक्ष्य (GOAL) ........ 3
२.४. उदेश्य (Objective) ........ 3
३.पेशागत स्वाथ्य सुरक्ष नीति ........ 4
४. नीतिको औचित्य : ........ 5
५. नीतिको आवश्यकता : ........ 5
६. नीतिको दूरदृष्टि : ........ 6
७. नीतिको लक्ष्य : ........ 6
८. नीतिको उदेश्यहरु ........ 6
९. कार्यनीतिहरु ........ 6
१०. नितिको कार्यान्वयन क्षेत्र ........ 7
११. परियोजनागत पेशागत स्वाथ्य सुरक्षा नीति ........ 7

## १. संस्थाको परिचय :

नेपाल राष्ट्रिय समाज कल्याण संघ (NNSWA) जिल्लामा विगत २०४७ (1990) देखि कञ्चनपुर जिल्लाका दुर्गम स्थानहरुमा सामुदायिक विकासका कार्यक्रमहरु विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय, रकारी तथा गैर सरकारी संघ संस्थाहरु संगको साझेदारी कार्यक्रम अन्तरर्गत कार्य गर्दै आई रहेको एउटा सामाजिक संस्था हो । संस्थाको दृष्टिकोण **"समता मुलक समाज"** को अवधारणालाई मूलतः आत्मसात गरी यस संग आबद्ध भएका ब्यक्ति तथा संस्थाहरुको एकमात्र लक्ष्य सामाजिक न्याय प्राप्तिका लागि कार्य गर्नु रहेको छ। सामाजिक न्याय तथा समता मुलक समाजको अवधारणालाई हरेक वर्ग, तप्का र समुदायमा पुर्‍याउन तथा प्रत्येक मानवको पहुंच बढाउन NNSWA ले विभिन्न प्रकारका सामुदायिक सामाजिक कार्यहरु गर्दै आएको छ । खास गरी त्यस्ता कार्यहरुलाई सजिलोका लागि NNSWA ले कार्यक्रम विभाग र सवालगत रुपमा विभाजित गरेको छ। जस्तैः

- शिक्षा तथा बाल बिकास
- स्वास्थ्य तथा सरसफाई
- महिला ससक्तीकरण तथा महिला विकास कार्यक्रम
- सुशान जवाफदेहिता
- आर्थिक अवसर तथा सामूदायिक विकास
- दलित वर्गिय सवाल
- अपाङ्गताको सवाल
- पछाडि परेका वर्ग (कमैया, महिला तथा बाल बालिका, (PLWHA) को सवाल
- बिस्थापितहरुको सवाल र अन्य मानव अधिकार संग सम्बन्ध बिषयहरु आदीमा NNSWA ले कार्य गर्दै आएको छ ।

यि माथि उल्लेखित कार्यक्रमहरु तथा सवालहरुलाई सहि मार्गमा लग्न तथा लक्ष्य प्राप्ति गर्नकालागी NNSWA ले विभिन्न किसिमका कार्ययोजनाबनाई कार्य गर्ने गरेको छ। जसका फलस्वरुप यस संस्थाले झण्डै तिन दशक प्रदेस न. ५, ६ र ७ मा सफल गैर सरकारी संस्थाको रुपमा चिनाउन सकेको छ । साथै तय गरिएका क्रियाकलापहरुलाई संस्थाले आफ्नो कार्य क्षेत्रका लक्षित समुदाय समक्ष लैजान पनि सफल भएको छ

यस नीतिमा संस्थागत विकासका साथै कार्यक्रमलाई दिगो बनाउन समुदायको प्रत्यक्ष सहभागिताका साथै संस्थाले गरिरहेका क्रियाकलापले समुदायमा कुनै किसिमको द्वन्द श्रृजना नहोस भन्ने भावनाको (Program Ownership) विकास गराउनमा जोड दिईएको छ। आवश्यकता अनुसार तथा परिस्थिति अनुसार यस नीतिलाई केहि फेर बदल हुन सक्दछ तर यसको मूल स्वरुपलाई कार्य गर्दा अथवा परिभाषित गर्दा गलत तरिकाले फाईदा लिन तोडमोड गर्न भने सकिने छैन ।

## २. संस्थाको VMGO

### २.१. NNSWA परिकल्पना

**NNSWA Strives towards an Equitable Society** "समतामुलक समाज" समतामुलक समाज भन्नाले तपशिललाई बूझाउने छ:

- छूवाछूत रहित ।
- जातिय भेदभाव रहित ।
- अधिकारको समान उपभोग गर्ने ।
- लैङ्गिक रुपमा भेदभाव रहित ।
- धनी/गरीब विचको भेदभाव रहित ।
- धार्मिक रुपमा भेदभाव रहित ।
- शिक्षामा समान अधिकार ।
- न्यायप्रणाली/प्राप्तिमा समान पहूंच ।
- श्रोतको समान नियन्त्रण र परिचालन तथा वितरण ।
- अधिकार र कर्तव्यको समान उपयोग तथा पालना ।

### २.२.ध्येय (Mission)

"NNSWA is committed to empower and ensure the social rights of deprived, dalit and disable (3D) people."“पिछडिएको वर्गहरुलाई सशक्तिकरणको माध्यम द्वारा उनीहरुको अधिकार सुनिश्चित गर्न र गराउन नेपाल राष्ट्रिय समाज कल्याण संघ प्रतिबद्ध छ ।”

**सामाजिक हक अधिकार:**

- आर्थिक
- शिक्षा
- स्वास्थ्य
- राजनैतिक

### २.३.लक्ष्य (GOAL)

Target People 3D (Dalit,Disable& Deprived ) will be Educated, healthy , wealthy and empowered in all aspects to utilize the human rights .लक्षित समुदाय ( दलित,अपाङ्गता भएका व्यक्तिहरु तथा पछिपरेका बर्गहरु ) को शिक्षा,स्वास्थ्य, आर्थिक अवस्थामा शुधार भई शसक्त भएका हुनेछन तथा मानव अधिकारका सबै क्षेत्रको उपभोग गरेका हुनेछन ।

### २.४. उद्देश्य (Objective)

1. To enhance the standard of education and provide educational opportunities to the deprived, Dalit, and disabled groups in the community.

(लक्षित समुदायदाय दलित, अपाङ्ग तथा पछि परेका बर्गहरु (मुक्त कमैया, बिस्थापितहरु, बाल बालिका, महिला) को गुणस्तरिय शिक्षा र आर्थिक अवसरको अबस्थालाई माथि उठाउने )

2. To provide health services to those in the target area (कार्यक्रम क्षेत्रका लक्षित समुदायहरुकालागि स्वास्थ्य सेवा उपलब्ध गराउने )
3. To advocate rights for women and children (महिला तथा बाल बालिकाहरुको अधिकारकालागि जन बकालत गर्ने )
4. To improve access to human rights by those people or communities deprived of these rights.(मानब अधिकारबाट बन्चित ब्यक्ति तथा समुदायको पहुचमा बृद्धि गर्ने )
5. To create leaders from the 3D group through skill development and trainings (दलित, अपाङ्ग तथा पछि परेका बर्गहरुलाई सिप तथा तालीम प्रदान गरि उनिहरुको नेतृत्व बिकास गर्ने )
6. Advocacy for livelihood options, poverty alleviation, Environment, DRRM, CCA, Humanitarian Response and human rights. (लक्षित बर्गको जीविकोपार्जनकालागि बैकल्पिक माध्यमको खोजि र गरिबि निवारण, वातावरण, विपद व्यवस्थापन, जलवायु अनुकुलन, मानविय सहायता तथा मानब अधिकारकालागि जनवकालत गर्ने )

नेपाल राष्ट्रि समाज कल्याण संघले पछाडी परिएका जाति, वर्ग, समुदाय, लिङ्ग, विभेदिकरणमा परेका समुदाय, भुमिहीन, मुक्तकमैया, गरिब, विपन्न तथा सिमान्तकृत समुदायको उत्थानका लागी काम गर्दै आईरहेको छ । संगसंगैं अदिवासी जनजाति, भुमिहीन, मुक्तकमैया, गरिब, विपन्न तथा सिमान्तकृत समुदायको अधिकार प्राप्तीका लागी पनि यस संस्थाले पैरवी गर्दै आएको छ । समुदायमा केही यस्ता मानिस छन् जो कडा परिश्रम गर्छन तर उनिहरुप्रति गर्ने व्यवहार सम्मानजनक छैन र मानब अधिकार हनन भैरहेको छ । त्यस्ता समुदायको पक्षमा आवाज उठाउदै यस संस्थाले दिगो शान्ति स्थापनाका लागि पनि महत्वपुर्ण भुमिका निर्वाह गरेको छ ।

अहिलेको वर्तमान सन्दर्भमा पहुँचवालाहरुले मात्र सम्पुर्ण राज्यको स्रोतलाई उपयोग गरिरहेको देखिन्छ । यसर्थ भुमिहीन, मुक्तकमैया, गरिब, विपन्न तथा सिमान्तकृत समुदायको अधिकार, समानता तथा न्यायका लागि सम्बन्धीत निकायलाई जवाफदेही बनाउने अभियानमा निरन्तर यस नेपाल राष्ट्रिय समाज कल्याण संघ निरन्तर  लागि परेको छ ।

## ३.पेशागत स्वाथ्य सुरक्षा नीति

नयाँ नयाँ प्रविधिको प्रयोगका कारण कार्यस्थलमा जोखिम र जटिलता बढ्दै गइरहेको छ। कार्य स्थलको अवस्था, कार्य गत प्रकृया, उत्पादन तथा कार्य सञ्चालन प्रविधिमा हुने परिवर्तन र उत्पादन प्रक्रियामा प्रयोग हुने रसायनको बढ्दो प्रयोगबाट समेत व्यवसायजन्य सुरक्षा र स्वाथ्यको क्षेत्रमाजोखिम बढ्दै गइरहेको छायसबाटश्रमिकको व्यवसायजन्य सुरक्षा र स्वास्थ्यमा विभिन्न समस्या एंव चुनौतीहरु थपिदै गईरहेका छन् । व्यवसायजनय सुरक्षा र स्वास्थ्यको समुचित प्रबन्धबाट श्रमिकको उत्पादकत्व अभिबृद्धि हुनुको साथै मुलुकको समग्र एवम् सामाजिक विकासमा सकारात्मक प्रभाव पर्दछ ।

उपर्युक्त सन्दर्भमा व्यववसायजन्य सुरक्षा र स्वास्थ्यसम्बन्धी अन्तराष्टिय प्रणाली, सिद्धान्त तथा व्यवहारलाई दृष्टिगत गर्दै मुलुकमा स्वस्थ, सुरक्षित, एवम् व्यवस्थित कार्यस्थल निर्माण गर्न विगतको अभ्यास, अनुभव, कमी कमजोरी तथा पृष्ठपोषणका आधारमा व्सायजन्य सुरक्षा र स्वास्थ्यको स्थितिमा सुधार गर्नुपर्ने देखिएको छ ।

त्यसैगरि नेपालको संविधानमा उल्लेखित नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति अनुरुप सबै प्रकारको व्यवसायमा संलग्न व्यक्तिको सुरक्षा, स्वास्थ्य र कार्य बातावरणको समुचित प्रवन्ध मिलाउनका लागी समेत व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको स्थितिमा सुधार ल्याई कार्यस्थललाई स्वस्थ, सुरक्षित, व्यवस्थित एवम् मर्यादित बनाउन ठोस नीतिगत व्यवस्था गरी समन्वयात्मक ढंगले कार्यक्रम सञ्चालन गर्न जरुरी देखिएको छ

यसै बास्तविकतालाई मन्धयनर गरि सुरक्षित एवम् स्वस्थ कार्यस्थलको सुनिश्चिततका लागि नेपाल राष्ट्रिय समाज कल्याण संघले पेशागत स्वास्थ्य सुरक्षा नीति २०२२ तर्जुमा गरेको छ ।

## ४. नीतिको औचित्य :

विगतमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी कानुनी तथा संस्थगत व्यवस्था गर्ने प्रयास गरिएको भएता पनि कार्यस्थललाई पुर्णरुपमा स्वस्थ, सुरक्षित, मर्यादित रव्यवस्थित बनाउने कार्य अद्यपि चुनौतीपुर्ण नै रहेको छ विद्यमान कानुनी तथा संस्थागत व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागी व्यवसायजन्य स्वास्थ्य र सुरक्षा प्रणालीलाई दिशानिर्देन गर्न सो सम्बन्धी नीतिको अभाव रहेको छ । कार्यस्थललाई सुरक्षित र व्यवस्थित गर्न संस्थामा कार्यरत श्रमिकहरुमा यस सम्बनधी प्रयाप्त ज्ञान तथा चेतनाको कमी हुनु आदि रहेको छन्

## ५. नीतिको आवश्यकता :

व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी विषयलाई कार्य संस्कृतिको रुपमा संस्थागत गरी सुरक्षित एवम् स्वास्थ कार्यस्थलको विकास गर्न देहायका पक्षहरुमा सुधार ल्याउने गरि यो नीति तर्जुमा गरिएको छ :

क. सुरक्षित एवम् स्वास्थ कार्य बातावरण सुनिश्चित गर्न ।

ख. कार्यस्थलमा स्वाथ्य सुरक्षा र स्वास्थ्य प्रणालीमा सुधार गरी मानवीय एवम् भौतिक क्षतिको न्युनकिरण गर्न.

ग. सुरक्षा एवम् स्वास्थ्यको दृष्टिबाट उद्योग, व्साय, पेशा वा श्रम मुलक क्रियाकलापहरुको बर्गीकरण गरी सुरक्षित कार्यस्थल बनाउन आवश्यक पर्ने मापदण्ड, सुचकां उपयुक्त सुरक्षा प्रणालीको विकास गर्न.

घ. संस्थाको व्यवसायजनय सुरक्षा तथा स्वास्थय सम्बन्धी नीति निमार्णका लागी मार्गदर्शन गर्न.

ङ. व्यवसायजनय सुरक्षा तथा स्वास्थय सम्बन्धी कार्यहरुको प्रबद्धन, नियमन, अध्ययन र अनुसन्धान तथा संस्थगत क्षमता अभिबृद्धि गर्न.

च. व्यवसायन्य सुरक्षा तथा स्वास्थ्यको निरीक्षण तथा प्रमाणीकरण व्यवस्थापन प्रणालीको विकास गरि संस्थागत गर्न.

छ. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी सुचना व्वस्थापन प्रणाली विकास गरी तथ्यांक अद्यावधिक गर्न ।

## ६. नीतिको दूरदृष्टि :

सुरक्षित तथा स्वस्थ कार्य वाताबरणमा काम गर्न पाउने कर्मचारिहरुको अधिकार सुनिश्चित गर्न

## ७. नीतिको लक्ष्य :

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको मापदण्ड र उपायहरुको अवलम्बन एबम् अभ्यास गदै सुरक्षीत कार्यस्थलको सुनिश्चित गर्ने ।

## ८. नीतिको उदेश्यहरु

यस नीतिका उदेश्यहरु देहाय बमोजिम रहेका छन्:

क. कर्मचारीको सूरक्षा, स्वास्थ्य र कार्य वाताबरणमा सुधार गर्नु
ख. कार्यस्थलमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी जोखिम न्युनीकरण गर्नु
ग. पेसागत सुरक्षा तथा स्वास्थ्य र कर्मचारीको उत्पादकतव बीच अन्तर्सम्बन्ध कायम गनू
घ. पेसागत सुरक्षा तथा स्वास्थयको उचित प्रावधानदारा उत्पादन बढाउनु ।

## ९. कार्यनीतिहरु

**उपर्युक्त उदेश्यहरु हासिल गर्नका लागी निम्न कार्यनीतिहरु अवलम्बन गरिने छ । :**

- सम्भाव्यता भएका सबै प्रकारका कार्य गतिविधिहरूको जोखिम पहिचान गर्ने
- व्यक्तिको क्षमता सुधार गर्न निर्देशन, तालिम र पर्यवेक्षण प्रदान गर्ने र सुरक्षित कार्य अभ्यासहरूको आपतकालीन प्रक्रियाहरू सहित कार्यस्थलका खतराहरू व्यवस्थापन गर्ने,
- पेशागत स्वास्थ्य र सुरक्षा मामिलाहरूमा व्यक्तिहरूलाई संलग्न गराउने र परामर्श गर्ने उनीहरूलाई कार्यस्थलका खतराहरू पहिचान, मूल्याङ्कन र नियन्त्रण गर्ने तरिकाहरू बारे जानकारी दिने ।
- सबैजना (आगन्तुकहरू, सेवा प्रदायक, र उप-ठेकेदारहरू) सहित लाई सुनिश्चित गर्दै आफ्नो र अरूको स्वास्थ्यको रक्षा गर्न उपयुक्त मापदण्ड पालना गर्ने ।
- पुनर्वास र प्रभावकारी रूपमा व्यवस्थापन गर्न पर्याप्त प्रणाली र स्रोतहरू उपलब्ध गराउने कार्य प्रक्रियाहरूमा फर्कनुहोस्।
- जोखिमयुक्त मेशिनरी उपकरणको प्रयोगलाई क्रमशः प्रतिस्थापन गरी न्यून जोखिमयुक्त मेशिन उपकरणको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- जोखिमयुक्त कार्य प्रक्रिया तथा मेशिन उपकरण तालिम प्राप्त दक्ष जनशक्तिबाट संचालन गर्ने व्यवस्था मिलाईने छ ।
- कार्यस्थलमा पेशागत सुरक्षा तथा स्वास्थय व्यवस्थापन प्रणाली लागु गरिनेछ ।

- पेशागत व्यवसायजन्य सुरक्षा र स्वास्थय समन्धी तालिम एवं सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- जोखिमयुक्त प्रविधिको प्रयोग, व्यवसायजन्य दुर्घटना एवम् रोज तथा तिनको रोकथाम जस्ता व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी विषयमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- पेशागत सुरक्षा तथा स्वास्थ्य सुधारसंग सम्बनिध नवीन प्रविधि जडान एवं संचालनका साथै मेहिन उपकरण ममतए सम्भार सम्बन्धी सीपमुलक तालिम प्रदान गरिनेछ । यस्ता प्रविधि जडान गर्दा स्थानिय प्रविधिको प्रयोग तथा स्तरोन्तीलाई प्रोत्साहन गरिनेछ ।
- कार्यस्थलमा हुन सक्ने आपतकालिन अवस्थाको व्यवस्थापन र सो सम्बनन्धी असल अभ्यासको बारेका जानकारी दिने गरी क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- कार्यगत दुर्घटना तथा रोग रतिको रोकथामका लागी समाजिक संवादका कार्यक्रमहरु संञ्चालन गरिनेछ ।
- व्यवसायजन्य सुरक्षा सम्बनधी तथ्याकिंय विवरण (Safety Data Sheet) को आधारमा श्रमिक तथा दातालाई जोखिमयुक्त रसायनहरुको प्रयोगका सम्बनधमा पर्याप्त जानकारी गराइनेछ ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थय सम्बन्धी अध्ययन अनुसन्धानका लागी सुबिधा सम्पन्न प्रयोगशाला तथा अनुसान्धान केन्द्र जस्ता पुर्वाधार निर्माण एवं सञ्चालनका लागी तीनै तहका सरकारवीच आवश्यक समन्वय गरिने छ।
- राष्टिय तथा अन्राष्टियस्तरमा भएका पेशागत सुरक्षा र स्वास्थ्य सम्बन्धी असल अभ्यासको आदानप्रदान गरिनेछ ।

## १०. नितिको कार्यान्वयन क्षेत्र

यो नीति कार्यसमिति सदस्य, निर्देशक, कर्मचारी, सम्पुर्ण साधारण सदस्य तथा व्यवस्थापनका लागि बनाइएको समितिलाई लागुहुनेछ ।

## ११. परियोजनागत पेशागत स्वाथ्य सुरक्षा नीति

सँस्थाले सञ्चालन गर्ने स्वास्थ्य सम्बन्धि परियोजनाहरुका लागि परियोजनको प्रकृति अनुसारका पेशागत स्वाथ्य सुरक्षा नीति तयार गरी लागु गर्न सक्ने छ । खास गरी एचआईभी र एड्सका लागि सञ्चालित क्लिनीकहरु, अपाङ्गता पुर्नस्थापना केन्द्र (कृत्रिम हातखुट्टा निर्माण कार्यशाला) र अन्य इमरजेन्सि अवस्था जसलाई स्वास्थ्यका दृष्टिकोणले सुरक्षा जरुरी देखिएको हुन्छ त्यस्ता कार्यकालागि सर्वमान्य पेशागत स्वाथ्य सुरक्षा नीति तयार गरि लागु गर्न गराउन यस नीतिले आधार प्रदान गर्ने छ ।

## १२. अन्य पेशागत स्वाथ्य सुरक्षा नीतिहरु:

- एचआईभी र एड्स सँग सम्बन्धित स्वास्थ्य सुरक्षा नीतिहरु
- शरिरीक अपाङ्गता पुर्नस्थापना सेवा सँग सम्बन्धित स्वास्थ्य सुरक्षा नीतिहरु
- महामारी आदी तथा विपद सँग सम्बन्धित स्वास्थ्य सुरक्षा नीतिहरु

माथि उल्लेखित नीतिहरु सम्बन्धित परियोजनहरुमा निमार्ण भए अनुसार गर्न गराउन सम्बन्धित परियोजना सँयोजकहरुको दायित्व भित्र पर्ने छ ।

यो नीति आवश्यक्ता अनुसार परिमार्जित गरिदै लगिनेछ ।